थाइल्यान्डको आन्दोलन अनुगमन गरिरहेको मानवअधिकार आयोगको भनाइ

न्युयोर्क– संयुक्त राष्ट्रंघीय मानवअधिकारसम्बन्धी उच्च आयोगले थाइल्याण्डको आन्दोलनलाई नजिकबाट अनुगमन गरिरहेको जनाएको छ। थाइल्याण्डको आन्दोलनलाई नजिकबाटै अनुगमन गरिरहेको संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकले जानकारी दिएको हो।

उनले संयुक्त राष्ट्रसंघको त्यस अनुगमनबाट हेर्दा थाइल्याण्डका नागरिकले शान्तिपूर्ण रूपमा आन्दोलन गर्न पाउनुपर्ने पनि बताएको छ।

संयुक्त राष्ट्रसंघका महासचिव गुटर्रेसका प्रवक्ता डुजारिकले पत्रकार सम्मेलनमा भनेको थियो- हामीले यस आन्दोलनलाई धेरै नै नजिकबाट अनुगमन गरिरहेका छौं, यहाँका प्रदर्शनकारी र यहाँका सरकारी अधिकारीहरूको निकटमै रहेर हामीले यस आन्दोलनको अनुगमन गरिरहेका छौं।

उनले संसारमा नै हरेक देशका नागरिकहरूले आफ्ना मागहरू राखेर प्रजातान्त्रिक रूपमा र शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने अधिकार रहेको पनि बताए।

हरेक नागरिकले बिना हातहतियार शान्ति पूर्ण रूपमा प्रदर्शन गरेर आफ्ना मागहरू राख्ने अधिकार पाउने र त्यो अधिकार थाइल्याण्डले पनि दिनुपर्ने उनले बताए।

उनले सो पत्रकार सम्मेलनका क्रममा थाइ सरकारलाई आन्दोलन गर्ने नागरिकको अधिकार नखोस्न बारम्बार भनेको थियो। (रासस/एएनआई)

अमेरिकामा कोभिडका संक्रमित ८० लाख पुगे

न्युयोर्क– अमेरिकामा कोभिड १९ का सङ्क्रमितको संख्या ८० लाख पुगेको छ। समाचारमा जनाइएअनुसार अमेरिकामा कोभिड सङ्क्रमितको संख्या ८० लाख ८ हजार ४०२ पुगेको हो। जोन हप्किन्स विश्वविद्यालयले प्रकाशन गरेको पछिल्लो तथ्यांकअनुसार शुक्रबार यहाँका संक्रमितको संख्या ८० लाख नाघेको हो।

अमेरिका विश्वमा नै कोभिडबाट संक्रमितहरू सबैभन्दा धेरै भएका देशमा पर्दछ। त्यसैगरी यस सङ्क्रमणबाट सबैभन्दा धेरै नागरिकको मृत्यु हुने देशमा पनि अमेरिका पर्दछ।

उक्त विश्वविद्यालयका अनुसार अमेरिकामा मृत्यु हुनेको संख्या पनि २ लाख १८ हजार ९७ जना रहेको छ।

उक्त विश्वविद्यालयको तथ्यांक अनुसार अमेरिकामा पछिल्ला दिनहरूमा पनि ठूलो संख्याका सङ्क्रमितहरू थपिने गरेका छन्। (रासस/एएनआई)

फिलिपिन्समा भूकम्प, धेरै पराकम्पनको सम्भावना

मनिला–फिलिपिन्समा शनिबार बिहानै भूकम्प गएको छ। देशको अक्सीडेन्टल मिन्डोरो प्रान्तमा ५.४ म्याग्नच्युडको भूकम्प गएको हो। फिलिपिन्सको भूगर्भसम्बन्धी कार्यालयले स्थानीय समयानुसार बिहान ४.५ मा भूकम्प गएको जनाएको छ।

लुक टाउनदेखि २१ किलोमिटर दक्षिणपूर्वी क्षेत्रमा केन्द्र विन्दु भएर भूकम्प गएको अधिकारीहरूले जनाएका छन्।

भूकम्पको धक्का धेरै मानव बस्तीहरूमा महसूस गरिएको स्थानीय वासिन्दाले जानकारी दिएका छन्।

भूकम्पपछि त्यस क्षेत्रका वासिन्दा त्रासित भएर घर बाहिर निस्कीएका थिए।

भूकम्पपछि कुनै मानवीय तथा भौतिक क्षतिको विवरणहरू भने प्राप्त भइनसकेको सरकारी अधिकारीहरूले बताएका छन्। उनीहरूका अनुसार धेरै पराकम्पनको संभावना रहेपनि आँधीको चेतावनी भने दिइएको छैन। (रासस/एएनआई)

सेप्टेम्बरमा सवारीसाधन बिक्रीमा वृद्धि

नयाँ दिल्ली–भारतमा यात्रुबाहक सवारी साधनको विक्रीमा सेप्टेम्वरमा अघिल्लो वर्षको सोही महिनाको तुलनामा २६.४५ प्रतिशतले वृद्धि देखिएको भारतीय सवारी उत्पादक समाज (एसआइएम) ले शुक्रबार जानकारी गराएको छ। उक्त औद्योगिक समाजका अनुसार सेप्टेम्वरमा भारतले दुई लाख ७२ हजार २७ थान कार विक्री गरेको उल्लेख छ। अघिल्लो वर्षको सोही अवधिमा दुई लाख १५ हजार १२४ थान विक्री भएको थियो। एसआइएमको तथ्याङ्कमा सेप्टेम्वरमा कारको विक्री अघिल्लो वर्षको सोही महिनासम्मको तुलनामा २८.९२ प्रतिशतले वृद्धि भएको र यातायातका लागि प्रयोग हुने जीप तथा अन्य सार्वजनिक सवारी साधनको विक्री २४.५० प्रतिशतले बढेको उल्लेख छ। (रासस/सिन्ह्वा)

सहमती कार्यान्वयनबारे भारत र श्रीलङ्काबीच छलफल

कोलोम्बो– भारत र श्रीलङ्का बीचमा विगतमा भएका सहमती कार्यान्वयनका बारेमा छलफल भएको छ। श्रीलङ्काका लागि भारतीय उच्च आयुक्त गोपाल बग्लायले शनिबार श्रीलङ्काका विदेश मन्त्री दिनेश गुनावार्डेनालाई भेटेर विगतका सहमती कार्यान्वयनका बारेमा कुराकानी गरेको हो।

उनहरूका बीचमा विषेश गरेर गत महिना दुई देशका प्रधानमन्त्रीका बीचमा भएको भर्चुअल बैठकमा भएको सहमतीका विषयमा छलफल भएको थियो। 'श्रीलङ्का लागि भारतीय उच्च आयुक्तले श्रीलङ्काका विदेश मन्त्रीलाई आज भेट्नु भएको छ, उहाँहरू बीचको छलफल उपलब्धीमुलक भएको छ,' भारतीय उच्च आयुक्तको आधिकारीक ट्वीटर हेन्डलमा शनिबार लेखिएको छ।

भारतीय उच्च आयुक्तले यसअघि गत बिहीबार श्रीलङ्काका उर्जा मन्त्री उदय गम्मान्पीलासँग उर्जा सुरक्षा प्रवर्द्धनका बारेमा छलफल गरेको थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र श्रीलङ्काका प्रधानमन्त्री महिन्दा राजापाक्षका बीचमा गत महिना भर्चुअल शिखर बैठक भएको थियो। बैठकमा एक अर्काका बीचमा सहयोग आदान प्रदान, सहकार्य र आपसी सम्बन्ध सुधार लगायतका विषयमा सहमती भएको थियो। (रासस/एएनआई)

भारतको बाँके बिहार मन्दिर खुल्ला

मथुरा–भारतको मथुरामा रहेको चर्चित बाँके बिहार मन्दिर अदालतको आदेशपछि शनिबारदेखि खुल्ला भएको छ। कोरोनाभाइरसको महामारी फैलिएपछि महिनौदेखि बन्द भएको मन्दिर नवरात्रीको पहिलो दिन पारेर शनिबारदेखि खुल्ला गरिएको हो। विश्व विख्यात यस मन्दिर गत सात महिना अगाडिदेखि बन्द रहेको थियो। तर अहिले अदालतको मापदण्ड कडाईका सथा पालना गरेर खुल्ला गर्न निर्देशन दिएपछि खुल्ला गरिएको मन्दिरका पदाधिकारीहरूले जानकारी दिएका छन्। दर्शालुहरूलाई बिहान ८.३० देखि मध्यान्ह १२ बजेसम्म र बेलुका ५.३० देखि ९.३० सम्म मात्रै प्रवेश गर्न दिइने भएको छ। दर्शालुहरूलाई सामाजिक दुरी कायम गर्ने, सेनिटाइजारको प्रयोग गर्ने, मास्कलगाउने लगायतका नियम पूर्ण रूपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ। (रासस/एएनआई)

कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७७/०६/०१ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **रोयल भोकेशनल ट्रेनिङ्ग एकाडेमी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **मारिया मन्टेसरी टीचर्स ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.नं.२२५११७)** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०६/०७ को निर्णय अनुसार नाम परिवर्तन गरिएको सूचना प्रकाशित गरिएको छ।

मारिया मन्टेसरी टीचर्स ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.नं.२२५११७)
का.म.न.पा-२८, काठमाडौं, बाग्मती

युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Berkeley Security Services & Building Cleaning (Br.of Berkeley Services Llc)**
पुर्व स्वीकृति मिति २०७७/०६/३० LT. No. 235194 चलानी नं. ६०१५३७०४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	CLEANER	60	90	800	२५,५२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः कार्तिक ८ गते (24 Oct. 2020) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	निःशुल्क	रु.७००/- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले **सेवा शुल्कः निःशुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

(Govt.Lic. No. 1102/073/074)
(डि. के. रिभर ओभरसिज प्रा. लि.)
DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu, Tel: 4380932, 4382214, 4355132
Mobile: 9851219532, 9823427318 Email: dkriverhr@gmail.com

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

पूर्वाधार विकास कार्यालय
गाईघाट, उदयपुर
प्रदेश नं. १, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः२०७७।०७।०२)

यस कार्यालयका लागि चालु आ.व.२०७६।०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार सडक पूल तर्फका तपसिल बमोजिमका ठेक्काहरूका लागि मिति २०७७।०२।०९ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Submission बाट दर्ता भई प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित वोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

सि.नं	ठेक्का न.	कार्यको विवरण	बोलपत्रदाताको नाम ठेगाना	कवोल रकम(मु.अ.कर र पि.एस. समेत) रु
१	IDO/UDA/NCB /W/BR/ 40/076/077	Construction of pre-stressed RCC Bridge over sapsu Khola along Pu-ranogaun–Khamdanda school Road, Lipedovan, Khotang.	Elite-Pacif-ic-Mahagauri JV	४,८४,०७,७८०।३३
२	IDO/UDA/NCB /W/BR/ 41/076/077	Construction of pre-stressed RCC Bridge over Makhuwa Khola along Diktel- Ratancha School - Sakela Road, Khotang.	Nepal Megha-Gorkha-Rujan JV	३,१३,५८,०३६।९०

कार्यालय प्रमुख

कुशे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(दोस्रो पटक प्रकाशित मितिः (२०७७/०७/०२)

प्रस्तुत बिषयमा प्राविधिक सहायक पदको लागि प.स २०७७/०७८ च.न. PMEP/२३ को मितिः २०७७/०४/१२ को पत्रानुसार यस कुशे गाउँपालिकामा,प्राबिधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपालि नागरिकले सार्वजनिक विदा वाहेक **७ दिन** भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन फारमको निवेदन दिनुहुन जानकारी गरिन्छ।

क्र.स.	बिज्ञापन नं.	पद	तह	संख्या
१.	०२/०७७/०७८	प्राबिधिक सहायक	पाँचौ तह	१

आधारभुत न्युनतम योग्यता र अनुभव : प्राबिधिक सहायक पदको लागि।

शैक्षिक योग्यताः सिभिल इन्जिनियरमा प्रबिणता प्रमाण पत्र तह वा डिप्लोमा तह उतिर्ण गरेको।

अनुभव र सिपः प्राबिधिक सहायकमा देहायका अनुभव र सिप आबश्यक पर्नेछ :-

- कम्तिमा ३ महिने तालिम लिई आधारभत कम्प्युटर सिप भएको।
- पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत बिबरण तयार गर्ने सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

उमेर हद : कम्तिमा १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको।

आवेदन दस्तुर : आवेदन दस्तुर रु. ५००।- मात्र।

छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा।

सेवा सुबिधा : नियमानुसार।

१. दरखास्त दिने स्थानः कुशे गाउँ कार्यपालिकाको कार्यालय थर्पु, भार्मा जाजरकोट

२. दरखास्त दिने अन्तिम मितिः २०७७/७/१३ गते कार्यालय समय भित्र

३. आबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः नागरिकता, न्युनतम योग्यता लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ले कागजात, २ प्रति पासपोर्ट साइजको फोटो

थप जानकारीको लागि सम्पर्कः ९८५८०८१८५२/९८५८०३७७५५, Email: info@kushemun.gov.np साथै गाउँपालिकाको वेबसाइट www.kushemun.gov.np मा समेत आवेदन फारम उपलब्ध रहेको जानकारी गराइन्छ।

प्रमुख प्रशासकीय अधिकृत

वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१। ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217।** दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।